अनुसुची -२
प्रस्ताव नं. १
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषय: पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०९/२३

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाका, नगर कार्यपलिकाको विगतका बैठकहरुको निर्णय कार्यान्वयनको अवस्था, योजना अनुगमन तथा सेवाप्रवाह सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका नगर कार्यपालिकाको नियमित हुने गरेको बैठकका निर्णहरुको कार्यान्वयन तथा प्रभावकारिता बारे छलफल गरी जनताको सेवाप्रवाहको थप प्रभावकारी बनाउनु पर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** नगर कार्यपालिकाको बैठकमा विगतमा भएका निर्णयहरुको समीक्षा गर्दा नगर कार्यपालिकाले विगतमा गरेका कार्यपालिका बैठकका निर्णयहरुको प्रभावकारिता मापन हुने साथ साथै सोही तथ्य आधारित भई नयाँ बैठकहरुमा प्रस्तुत गर्नुपर्ने एजेण्डा र निर्णय कार्यान्वयन तथा सेवाप्रवाहमा आउन सक्ने सम्भावित चुनौतीहरुको समाधान गर्न सहज हुने ।

४. **निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरकार्यपालिकाले विगतमा गरेका निर्णयहरुको समीक्षा तथा निर्णयहरुको प्रभावकारीता लागु गर्दा आईपरेका समस्याहरुको बारे छलफल गरियो, यस आ.व. को हाल सम्म योजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन साथै नगरपालिकाद्वारा प्रदान गरिने सेवाप्रवाहलाई प्रविधी मैत्री तथा जनताहरुको माझमा सहज रुपमा उपलब्ध गराउनको लागि आवश्यक व्यबस्था गर्ने निर्णय गरियो ।

**५. नगरकार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने।

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. २
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषय: सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०९/२३

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका सुरक्षित नागरिक आवास कार्यक्रमका लागि लाभग्राही छनौट गर्ने सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई संघीय सरकारबाट हस्तान्तरित सर्शत अनुदान कार्यविधि बमोजिम लाभग्राही छनौट गरी कार्यान्वयन गर्नुपर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** नगर कार्यपालिकाको बैठकमा प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई संघीय सरकारबाट हस्तान्तरित सर्शत अनुदान कार्यविधि बमोजिम लाभग्राही छनौट गरी कार्यान्वयन गर्नुपर्ने भएकोले पूर्वाधार शाखाबाट आवश्यक निर्णय गर्न कार्यपालिकामा प्रशताव आएको।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ को परिधीभित्र रही प्रत्येक वडाले लाभग्रहीहरुको छनौटका आधारहरु पालना गरी लाभग्राहीहरु नामावली वडाले संकलन गरी नगरपालिकामा पठाउने र प्राप्त लाभग्राहीहरुको आवश्यक छानविन तथा मूल्यांकन गरी सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन गर्ने।

**५. नगर कार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने।

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. ३
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषय: कृषि शाखासँग सम्बन्धित विविध विषय सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०९/२३

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिका कृषि शाखासँग सम्बन्धित विविध विषयमा निर्णय गरी निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका कृषि शाखासँग सम्बन्धित बेसार प्रशोधन केन्द्र संचालन तथा व्यवस्थापन, पकेट कार्यक्रमको क्षेत्र निर्धारण र रैथाने बाली प्रवर्धन कार्यक्रम संचालन गर्ने वडा छनौट गर्नुपर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिका कृषि शाखासँग सम्बन्धित बेसार प्रशोधन केन्द्र संचालन तथा व्यवस्थापन, पकेट कार्यक्रमको क्षेत्र निर्धारण र रैथाने बाली प्रवर्धन कार्यक्रम संचालन गर्ने वडा छनौट गरी आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकोले।

४. **निर्णय हुनुपर्ने व्यहोरा:-** प्यूठान नगरपालिका कृषि शाखासँग सम्बन्धित बेसार प्रशोधन केन्द्र संचालन तथा व्यवस्थापन, पकेट कार्यक्रमको क्षेत्र निर्धारण र रैथाने बाली प्रवर्धन कार्यक्रम संचालन गर्ने वडा छनौट गरी आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रम कार्यान्वयन सम्बन्धमा देहायका निर्णय गर्ने।

**निर्णयहरु:**

१. बेसार प्रशोधन केन्द्र संचालनको लागि दैनिक ज्यालादारीमा एक जना व्यवस्थापक र एक जना सहयोगी कर्मचारी राख्ने।
   - क. व्यवस्थापक यस प्यूठान नगरपालिका भित्र स्थाई बसोबास गर्ने कम्तिमा १२ पास गरी करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७५ को मापदण्ड पुरा गरेको।
   - ख. सहयोगी कर्मचारी प्यूठान नगरपालिका भित्र स्थाई बसोबास गर्ने, सामान्य लेखपढ गर्न सक्ने, करारमा कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७५ को मापदण्ड पुरा गरेको।
   - ग. यसरी नियुक्ति हुने व्यवस्थापकको पारिश्रमिक सहायक चौथो तहको मासिक पारिश्रमिक भन्दा बढी नहुने।
   - घ. सहयोगी कर्मचारीको हकमा, कार्यालय सहयोगीको न्यूनतम तलबस्केल भन्दा बढी नहुने।

२. बेसार प्रशोधन कार्यक्रम अन्तर्गत विनियोजित रकम रु १०,००,०००/- बाट कर्मचारी व्यवस्थापन, उद्योग संचालन, मर्मत संभार, उत्पादन तथा बजारीकरण लागायत, समितिको बैठक व्यवस्थापन र अनुगमन आदि क्रियाकलापमा खर्च गर्ने।

नगर प्रमुख

CamScanner

अनुसुची -२
प्रस्ताव नं. ४
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, विजुवार, प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषयः राजश्व परामर्श समितिवाट प्राप्त निर्णयहरु अनुमोदन सम्वन्धमा।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०९/२३

**१. विषयको संक्षिप्त व्यहोराः-** प्यूठान नगरपालिकाको राजश्व परामर्श समितिले गरेका निर्णयहरु कार्यपालिकामा प्रस्तुत गर्नुपर्ने भएकोले।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार गठन भएको राजश्व परामर्श समितिले गरेका निर्णयहरुलाई कार्यपालिकालाई जानकारी गराई अनुमोदन गर्नुपर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको रायः-** प्यूठान नगरपालिकाको आन्तरिक आय बढाउन विभिन्न दायरा र क्षेत्रहरु समावेश गर्नुपर्ने, आर्थिक वर्ष २०८१/०८२ को आर्थिक ऐनमा छुट भएका विषयहरु थप गर्नुपर्ने भएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोराः-** राजश्व परामर्श समितिवाट प्राप्त देहायका निर्णयहरु अनुमोदन गरी स्वीकृतिका लागि सभामा पेश गर्ने।

**निर्णयहरुः**

१. विद्युत मिटर सिफारिस धरौटी कच्ची/पक्की घरको (नक्सापास नभएको हकमा) आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम क्रमश रु. ५००/रु. २५०० धरौटी लिएकोमा घर नक्सा पास वा अभिलेखीकरण गर्दाका वखत उक्त सिफारिश धरौटी रकम नक्सापास वा घर अभिलेखीकरण को लागि शुल्कमा घटाई समायोजन गरी दस्तुर निर्धारण गर्ने।
२. आ.व. २०८१/०८२ को आर्थिक ऐनमा नक्सापास नभएको हकमा भन्ने शव्द मात्र उल्लेख भएकाले त्यसमा घर अभिलेखीकरण शव्द थप गर्ने।
३. प्युठान नगरपालिकाको प्राइभेट फर्म दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि,२०७७ बमोजिम फर्म दर्ता दस्तुर रु. १०००/- र नवीकरण दस्तुर रु. २००/- लिएर फर्म दर्ता र नवीकरण गर्ने गरी आर्थिक ऐन २०८१/०८२ मा थप गर्ने साथै सहकारी शुल्क दस्तुर रु. १०००/- र प्रचलित कानुन बमोजिम हुने नवीकरण रु. २००/- हुने गरी आर्थिक ऐनमा थप गर्ने।
४. प्युठान नगरपालिकाको आर्थिक ऐनमा जुत्ता पसलको व्यावसाय कर छुट भएको र नगरभित्र जुत्ता पसलहरु सञ्चालनमा रहेको अनुगमनका क्रममा देखिएकोले निम्नानुसार व्यवसाय कर लिने गरी आर्थिक ऐनमा थप गर्ने।

| | | |
|---|---|---|
| थोक विक्रेता/सोरुम | शहरी क्षेत्र रु २५००/- | वजार उन्मुख रु १५००/- |
| खुद्रा विक्रेता | शहरी क्षेत्र रु १५००/- | वजार उन्मुख रु ७००/- |

नगर प्रमुख

५. घर नक्सापास र अभिलेखीकरणको दायरामा आएका घरको नक्सा पास वा अभिलेखीकरणमा भएको मूल्याङ्कन बमोजिम एकीकृत सम्पत्ति कर को विवरणमा अद्यावधिक गर्ने ।

६. सरसफाई शुल्क र घर बहालकर उठाउने प्रयोजनका लागि दैनिक ज्यालादारीमा नगरपालिका भित्र स्थायी बसोबास भई कम्तीमा एस.ई.ई .परीक्षा उत्तीर्ण २ जनालाई सहायक चौथो तहले पाउने मासिक पारिश्रमिक भन्दा बढी नहुने गरी २०८२ असार मसान्त सम्म काममा लगाउने ।

७. प्युठान नगरपालिका क्षेत्रमा उत्पादित विद्युतको रोयल्टी विगतदेखि नउठेको सम्बन्धमा संघीय कानून बमोजिम नगरपालिकाले पाउने रोयल्टी माग गरी सम्बन्धीत निकायमा लेखी पठाउने ।

८. प्युठान नगरपालिका क्षेत्रमा रहेका सामुदायिक बन तथा सरकारी बनबाट राजश्व प्राप्त गर्ने सम्बन्धमा सम्बन्धीत निकायहरुसँग नगरपालिकाले समन्वय बैठक गर्ने ।

९. संघ प्रदेश र प्युठान नगरपालिकाले ठेक्का व्यवस्थापन गरी गरिने निर्माण कार्य स्थलमा पाइने ढुङ्गा माटोको उपयोग निर्माण कार्यमा हुने भएमा स्टिमेट बमोजिम प्रदेश कानून अनुसारको राजश्व रकम नगरपालिकामा दाखिला गर्ने विषय संघ र प्रदेश कार्यालयलाई जानकारी गराउने । नगरपालिकाका योजनामा उपयोग गरीएको भए अन्तिम मुल्याङ्कनमा सो बिषय उल्लेख गरी उक्त रकम राजश्वमा दाखिला गरेर मात्र भुक्तानी दिने ।

१०. प्युठान नगरपालिकाले सञ्चालन गर्ने विकास आयोजना ठेक्का वा उपभोक्ता समितिहरु मार्फत सञ्चालन गर्दा उपयोग हुने ढुङ्गा,गिट्टी बालुवा नगरपालिका क्षेत्र भित्र उत्पादन (उत्खनन) भएको मात्र उपयोग गर्ने ।

११. नेपाल सरकार कृषि तथा पशुपक्षी विकास मन्त्रालय ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना आर्थिक करिडोर कार्यालयले यस नगरपालिकामा निर्माण भईरहेको पालिकास्तरीय कृषि तथा पशुपन्छी सेवा केन्द्र भवनको नक्सा पासको रकम छुट गर्न सम्बन्धित कार्यालयबाट माग भई आएकोले छुट दिने ।

१२. प्युठान नगरपालिका वडा नं. ८ मा रहेको तरकारी संकलन केन्द्रले विगत बर्षको बक्यौता र यस आ.व. को समेत सम्झौता बमोजिमको वक्यौता भाडा मिति २०८२ को असार २० गते भित्र चुक्ता गर्ने गरी ताकेता गर्ने ।उक्त मिति सम्म चुक्ता नगरेमा सरकारी बाँकी सरह असुल उपर गर्ने प्रक्रिया अघि बढाई सम्झौता भङ्ग गर्ने ।उक्त अवधिसम्म रकम चुक्ता गरेमा विलम्व शुल्क मिनाहा गर्ने ।

१३. जडीबुटी निकासी शुल्क न्युनतम बार्षिक रु २ लाखमा ठेक्का बन्दोवस्त गर्ने गरी .आ. व. २०८१/०८२ को आर्थिक ऐनमा व्यवस्था भएकोमा हालसम्म ठेक्का व्यवस्थापन गर्न नसकिएकोले ६ महिनाको अवधिको ठेक्का व्यवस्थापन गर्दा उक्त निकासी शुल्क अर्ध वार्षिक रु. १ लाख हुने गरी आर्थिक ऐन संशोधन गर्ने ।

**५. नगर कार्यपालिकाको निर्णय :-**

निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने ।

नगर प्रमुख

CamScanner

अनुसुची -२
प्रस्ताव नं. ५
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषय: स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम वितरण सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८१/०९/२३

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को संघीय शसर्त अनुदान अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम वितरण गर्नुपर्ने भएकोले।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को संघीय शसर्त अनुदान अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम वितरण गरी कार्यान्वयन गर्नुपर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिका भित्र संचालन भईरहेका सामुदायिक विद्यालयहरुको भवनहरु अपुग भएको र जिर्ण भएको कारणले भत्काई पुन:निर्माण गरी पठनपाठनलाई सहज बनाउनुपर्ने भएकोले ।

४. **निर्णय हुनुपर्ने व्यहोरा:-** स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान रकम देहाय बमोजिम वितरण गर्ने।

**देहाय:**

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | भवनको प्रकार |
|---|---|---|---|
| १ | भुवनेश्वरी मा.वि. खैरा | १ | शौचालय सहितको चार कोठे भवन |
| २ | पशुपति प्रा.वि. दाँखा रातामाटा | २ | शौचालय सहितको दुई कोठे भवन |
| ३ | जनता मा.वि. बाँसबोट | ५ | शौचालय सहितको चार कोठे भवन |
| ४ | धर्मावती मा.वि. लम्च्याङ नेटा | ६ | शौचालय सहितको दुई कोठे भवन |

**५. नगर कार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने।

नगर प्रमुख

CamScanner

अनुसुची -२
प्रस्ताव नं. ६
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

प्यूठान नगरपालिका नगर कार्यपालिकाको कार्यालय बिजुवार, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

विषय: विविध कार्यविधि पारित गर्ने सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृति प्राप्त मिति :** २०८१/०९/२३

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको दैनिक कार्य सम्पादन गर्न सहज बनाउने कार्यविधिहरु पारित गर्नुपर्ने भएकोले।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक कार्यविधिहरु विधेयक समितिमा छलफल गरी पारित भई आएकोले कार्यपालिकामा छलफल गरी पारित गर्नुपर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक शहरी स्वास्थ्य केन्द्र स्थापना, संचालन तथा व्यवस्थापन गर्न, विपन्न नागरिक रोजगार कार्यक्रम संचालन गर्न र विपन्नको चुलोमा स्थानीय सरकार कार्यक्रम संचालन गर्न आवश्यक पर्ने कार्यविधिहरु विधेयक समितिमा छलफल गरी पारित भई आएकोले कार्यपालिकामा छलफल गरी पारित गर्नुपर्ने भएकोले।

४. **निर्णय हुनुपर्ने व्यहोरा:-** देहायका कार्यविधिहरु उपर छलफल गरी परिमार्जन भए बमोजिम स्वीकृत गर्ने।

**देहाय:**

१. प्यूठान नगरपालिकाको शहरी स्वास्थ्य केन्द्र स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१
२. विपन्न नागरिक रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८१
३. विपन्नको चुलोमा स्थानीय सरकार कार्यक्रम संचालन कार्यविधि, २०८१

**५. नगर कार्यपालिकाको निर्णय :-**

निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने।

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. ७
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश ।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषय: वास प्लान सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृति प्राप्त मिति :** २०८१/०९/२३

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको वास प्लान अद्यावधिक गर्नुपर्ने भएकोले ।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना अद्यावधिक, प्राथमिकिकरण गर्नुपर्ने भएकोले ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना अद्यावधिक, प्राथमिकिकरण गरी सोही बमोजिम संघ, प्रदेश र नगरपालिकाको लगानीमा आयोजना कार्यान्वयन गर्नुपर्ने भएकोले ।

**४. निर्णय हुनुपर्ने व्यहोरा:प्यूठान नगरपालिकाको** खानेपानी, सरसफाई तथा स्वच्छता सम्पर्क व्यक्ति सब-इन्जिनियर श्री कासीराम उपाध्यायले कार्यपालिकामा पेश गरेको वास प्लान स्वीकृत गर्ने ।

**५. नगर कार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने ।

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. ८
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषय: नगरपालिकाका सम्भाव्य आयोजनाहरुको सूची सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृति प्राप्त मिति :** २०८१/०९/२३

**१. विषयको संक्षिप्त व्यहोरा:-** नगर विकास कोषबाट माग भई आएका नगरपालिकाका सम्भाव्य आयोजनाहरुको सूची प्रस्ताव गर्नुपर्ने भएकोले।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** नगर विकास कोषबाट माग भई आएका नगरपालिकाका सम्भाव्य आयोजनाहरुको सूची प्रस्ताव गर्न कोषबाट लगानी सहयोग आवश्यक पर्ने नयाँ अध्ययन गर्नुपर्ने, पूर्व सम्भाव्यता अध्ययन भएका वा विस्तृत आयोजना प्रतिवेदन तयार भईसकेका आयोजनाहरुको योजना बैंकमा सूचीकरण गर्नुपर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** नगर विकास कोषबाट माग भई आएका नगरपालिकाका सम्भाव्य आयोजनाहरुको सूची प्रस्ताव गर्न कोषबाट लगानी सहयोग आवश्यक पर्ने नयाँ अध्ययन गर्नुपर्ने, पूर्व सम्भाव्यता अध्ययन भएका वा विस्तृत आयोजना प्रतिवेदन तयार भईसकेका आयोजनाहरुको योजना बैंकमा सूचीकरण, स्वीकृति र लागत साझेदारीको मोडालिटी तयार गर्नुपर्ने भएकोले।

४. **निर्णय हुनुपर्ने व्यहोरा:-** नगर विकास कोषमा आयोजना प्रस्ताव गर्नु पूर्व योजना शाखा, पूर्वाधार शाखा, नगर प्रमुख र नगर उप-प्रमुखको स्तरमा छलफल गरी आयोजना तय गर्ने।

**५. नगर कार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने।

नगर प्रमुख

CamScanner

अनुसुची -२

प्रस्ताव नं. ९

बुदाँ नं. १२.१ संग सम्वन्धित

प्यूठान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान

प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषय: विविध निर्णयहरु सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृति प्राप्त मिति :** २०८१/०९/२३

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्यूठान नगरपालिकाको विभिन्न शाखासँग सम्बन्धित विविध निर्णय गर्नुपर्ने भएकोले।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्यूठान नगरपालिकाको विभिन्न शाखासँग सम्बन्धित विविध निर्णयहरु गर्नुपर्ने भएकोले।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिकाको घर नक्सापास र अभिलेखीकरण, घाइतेलाई आर्थिक सहायता प्रदान गर्न विविध निर्णय गर्नुपर्ने भएकोले।

४. **निर्णय हुनुपर्ने व्यहोरा:-**

१. प्यूठान नगरपालिका वडा नं. ८ को धर्मभक्त आ.वि. मानागाउँमा कार्यरत कार्यालय सहयोगी श्री मधु कुमाल विद्यालय जाने क्रममा लडेर घाइते भई मेरुदण्डमा गम्भीर चोट लागि भैरहवा मेडिकल कलेजमा शल्याक्रिया को क्रममा रहेको, उपचार गर्नको लागि निजको आर्थिक अवस्था कमजोर रहेकोले श्रोतको व्यवस्थापन गरी रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैया) उपचार खर्च सहयोग गर्ने।

२. प्यूठान नगरपालिकाको घर नक्सापास र अभिलेखीकरण गर्ने प्रयोजनको लागि नक्साको ड्रइङ्गि डिजाइन गर्ने फर्महरुलाई रु. १ लाख धरौटी लिई सूचिकृत हुन मिति २०८१ साल माघ ५ गते सम्म म्याद पुनःथप गर्ने।

**५. नगर कार्यपालिकाको निर्णय :-**

निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने।

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. १०
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्युठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्युठान
प्युठान जिल्ला, लुम्बिनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषय: 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत-पत्र सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृति प्राप्त मिति :** २०८१/०९/२३

१. **विषयको संक्षिप्त व्यहोरा:-** 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत-पत्र प्रदान गर्न निर्णय गर्नुपर्ने भएकोले।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४ मा भएको व्यवस्था बमोजिम ईजाजत-पत्र प्रदान गर्ने सम्बन्धमा कार्यपालिकामा निर्णय गर्नुपर्ने।

३. **प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४ मा भएको व्यवस्था बमोजिम ईजाजत-पत्र प्रदान गर्ने सम्बन्धमा कार्यविधिमा भएको मूल्यांकन समितिको प्रतिवेदन अनुसार कार्यपालिकाबाट ईजाजत-पत्र प्रदान गर्नुपर्ने।

४. **निर्णय हुनुपर्ने व्यहोरा:-** :- 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४ मा भएको व्यवस्था बमोजिम ईजाजत-पत्र प्रदान गर्ने सम्बन्धमा कार्यविधिमा भएको मूल्यांकन समितिको प्रतिवेदन अनुसार प्युठान नगरपालिका वडा नं. ७ मा रहेको **प्रो.लोशन अधिकारीको फर्म जय मण्डली सिभिल कन्ट्रयाक्टर्स प्रा.लि.लाई** 'घ' वर्गको ईजाजत-पत्र प्रदान गर्ने।

५. **नगर कार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने।

नगर प्रमुख

CamScanner

अनुसुची -२
प्रस्ताव नं. ११
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगरकार्यपालिकाको कार्यालय प्यूठान
प्यूठान जिल्ला, लुम्विनी प्रदेश।

**१३३ औं कार्यपालिका वैठक(२०८१/०९/२५)**

**विषय:** स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA)को प्रारम्भिक नतिजा सम्बन्धमा।

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृती प्राप्त मिति :** २०८०/०९/२३

**१. विषयको संक्षिप्त व्यहोरा:-** स्थानीय तहहरुले आफ्नो स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन गरेपश्चात प्रारम्भिक नतिजा कार्यपालिकामा छलफल गरी सार्वजनिक तथा पृष्ठपोषणकालागि जिल्ला समन्वय समितिमा पठाउनु पर्ने भएकोले।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:** प्यूठान नगरपालिकाको आ.व. २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा नगरपालिकाले प्रवृष्टी गरेका सूचकहरुको वारेमा कार्यपालिकामा छलफल गरी प्रारम्भिक नतिजा तयारी पश्चात जिल्ला समन्वय समितिमा पठाउनुपर्ने व्यवस्था अनुरुप नगरकार्यपालिकामा LISA को प्रारम्भिक नतिजा बारे छलफल गर्नुपर्ने व्यवस्था भएको।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** कार्यपालिकामा LISA का सूचकहरुको वारेमा छलफल गरी प्रारम्भिक नतिजा जिल्ला समन्वय समिति, प्यूठानमा पृष्ठपोषणका लागि पठाउनु पर्ने व्यवस्था भएकोले।

**४. निर्णय हुनुपर्ने व्यहोरा:-**प्यूठान नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको आर्थिक वर्ष २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA) कार्य पालिकाबाट सम्पन्न भएकोले सो प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिको कार्यालय खलंगा प्यूठानमा पृष्ठपोषणका लागि पठाउने।

**५. नगरकार्यपालिकाको निर्णय :-**
**निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भएबमोजिम हुने ।**

नगर प्रमुख

अनुसुची -२
प्रस्ताव नं. १२
बुदाँ नं. १२.१ संग सम्वन्धित
प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान
प्यूठान जिल्ला, लुम्बिनी प्रदेश।

१३३ औं कार्यपालिका बैठक (२०८१/०९/२५)

**विषय: रिक्त पदपूर्ति सम्बन्धमा।**

**प्रस्ताव पेश गर्न प्रमुखवाट स्वीकृति प्राप्त मिति : २०८१/०९/२३**

**१. विषयको संक्षिप्त व्यहोरा:-** प्युठान नगरपालिकाको कार्यालयमा विभिन्न पदहरु रिक्त रहेकोले पदपूर्ति गर्नुपर्ने भएकोले।

**२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा :-** प्युठान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा पशु सेवा शाखामा पदहरु रिक्त रहेकोले उक्त पदहरु पदपूर्ति गर्ने।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्वन्धित शाखाको राय:-** प्यूठान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा पशु सेवा शाखामा पदहरु रिक्त रहेकोले उक्त पदहरु पदपूर्ति गरी सेवा प्रवाहलाई सुचारु गर्ने।

४. **निर्णय हुनुपर्ने व्यहोरा:-** प्युठान नगरपालिकाको पशु सेवा शाखा, प्युठान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा रिक्त रहेका तपसिल बमोजिमका पदहरुमा व्यक्तिगत सेवा करार मार्फत पदपूर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**तपसिल:-**

| क्र.सं. | रिक्त पद | काम गर्नुपर्ने स्थान | कैफियत |
|---|---|---|---|
| १. | कार्यालय सहयोगी | पशु सेवा शाखा | अनिवार्य अवकाश भएकोले। |
| २. | कार्यालय सहयोगी | २ नं. वडा कार्यालय | २०८१ माघ १ गते देखि अनिवार्य अवकाश हुने भएकोले। |
| ३. | कार्यालय सहयोगी | ७ नं. वडा कार्यालय | मृत्यु भई रिक्त भएकोले |
| ४. | एम्बुलेन्स चालक | प्युठान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | करार सवारी चालकले न.पा. मा कामकाज गर्न छोडेकोले। |

**५. नगर कार्यपालिकाको निर्णय :-**
निर्णय हुनुपर्ने व्यहोरामा उल्लेख भए बमोजिम हुने।

नगर प्रमुख

CamScanner